चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति :- २०८२/०१/२६ गते

समय :- बिहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ४७ औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

अन्य
१. देव बहादुर बटाला - प्रशासन सहायक

**मिति २०८२/०१/२६ गतेको नगर कार्यपालिकाको ४७ औं बैठकमा पेस भएका प्रस्तावहरू**

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने। | |
| ३ | मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना छनोट तथा सिफारिस सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमका लागि **अनुसूची- १** मा उल्लेखित आयोजनाहरू छनोट गरी सिफारिस गर्ने। | |
| ४ | चौरजहारी नगरपालिकाको खेलकुद विकास समिति गठन गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका युवा तथा खेलकुद विकास कार्यविधि, २०७७ बमोजिम काम, कर्तव्य र अधिकार एवम् सेवासर्त हुनेगरी उक्त कार्यविधिको दफा ३ बमोजिम चौरजहारी नगरपालिकाको खेलकुद समिति गठन गर्ने। | |
| ५ | सहिद स्मृति नगर अस्पताल सञ्चालन समिति गठन गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको १५ शैयासम्मको अस्पताल स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ को दफा १० बमोजिम समिति गठन गर्ने। | |
| ६ | सुरक्षित गर्भपतन सेवा प्रदान गर्न स्वास्थ्य संस्था सूचीकृत गर्ने सम्बन्धी प्रस्ताव | सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार नियमावली, २०७७ को नियम १४ को उपनियम १ बमोजिम नर्सिङ कर्मचारीहरू दुई सुरक्षित गर्भपतन सम्बन्धी तालिम लिई सो सेवा प्रदान गर्न तयार भएको तथा मापदण्ड अनुसारको सामग्रीहरू उपलब्ध भएको हुँदा श्री सहिद स्मृति नगर अस्पताल चौरजहारी नगरपालिका-१०, रूकुम (पश्चिम) लाई सुरक्षित गर्भपतन सेवा प्रदान गर्न सूचिकृत गर्ने। | |
| ७ | मुख्यमन्त्री डिजिटल शिक्षाका लागि नमुना विद्यालय सहयोग कार्यक्रम कार्यान्वयन | श्री शीतल माध्यमिक विद्यालय रुकुम (पश्चिम) सँग मुख्यमन्त्री डिजिटल शिक्षा नमुना विद्यालय कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को दफा १० (ख) (ग) र (घ) बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने | |
| ८ | वर्षाका कारण अवरुद्ध सडक मर्मत गरी सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव | वर्षाका कारण यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका मुख्य र शाखा सडकहरूमा क्षति पुगेर अवरुद्ध हुने स्थिति सृजना भएकोले आवागनलाई सहज बनाउन सडक मर्मत गरी यथाशीघ्र सञ्चालनमा ल्याउने। | |
| ९ | नयाँ बाख्रा पकेट विकास कार्यक्रम छनोट निर्णय अनुमोदन सम्बन्धी | आर्थिक विकास समितिको मिति २०८२/०१/२३ गते बसेको बैठकको निर्णयहरू अनुमोदन गरी छनोट भएका | |

...प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | प्रस्ताव | प्रस्तावकर्ताहरूसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने । | |
| १० | चौरजहारी नगरपालिकाको घर तथा भवन नक्सा पास र अभिलेखीकरण कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको घर तथा भवन नक्सापास तथा अभिलेखिकरण सम्वन्धी कार्यविधि, २०८२ स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने । | |
| ११ | अध्ययन बिदा स्वीकृतिका गर्ने सम्बन्धी प्रस्ताव | यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) मा अधिकृत छैठौं पदमा कार्यरत गणेश बुढामगर (कर्मचारी सङ्केत नं. १९७०५२) ले तलबी अध्ययन बिदा स्वीकृति गर्ने । | |
| १२ | लघु, घरेलु तथा साना उद्योग प्रवर्धनका लागि प्रविधि हस्तान्तरण विधेयक, २०८२ को मस्यौदा तयार गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका क्षेत्रभित्रका उद्योग सञ्चालन तथा प्रवर्धनका उद्योगसँग सम्बन्धित यन्त्र, उपकरण र कच्चा पदार्थ हस्तान्तरण गरी स्वरोजगार सृजना, रोजगार प्रवर्धन गर्न स्थानीयस्तरमा रोजगारी सृजनामा सहयोग गर्न लघु, घरेलु तथा साना उद्योग प्रवर्धनका लागि प्रविधि हस्तान्तरण विधेयक, २०८२ को मस्यौदा तयार गर्ने । | |
| १३ | सडकको लगत कट्टा गर्ने सम्बन्धी प्रस्ताव | निजी जग्गामा बनेका सडकहरूको लगत कट्टा नहुँदा जग्गा धनीहरूले महङ्गो राजश्व तिर्नुपरेको भनि गुनासो समेत आएकोले मापदण्डमा तोकेको नापी नक्सामा सडक क्षेत्र निर्धारण गर्न नापी कार्यालय र जिल्ला मालपोत कार्यालयसहित सम्बन्धित निकायमा अनुरोध गरी सडक मापदण्ड अनुसारको लगत कट्टा गर्ने । | |
| १४ | वाङमय कला परिषद ऐन, २०८२ निर्माणका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको वाङमय कला परिषद् ऐन, २०८२' निर्माण गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने । | |
| १५ | बसपार्क सञ्चालनका लागि बोलपत्र आह्वान गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका रुकुम (पश्चिम) को स्वामित्वमा रहेको वडा नं. १ र २ मा पर्ने बसपार्कलाई व्यवस्थित ढङ्गबाट सञ्चालन तथा व्यवस्थापन गर्न बढाबढमा बोलपत्र आह्वान गर्ने । | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

## मिति २०८२/०१/२६ गतेको ४७ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १ :** प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ **'मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना छनोट तथा सिफारिस सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको मिति २०८२/०१/२१ गतेको कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने आयोजनाहरू छनोट तथा सिफारिस गर्ने पत्रानुसार मुख्यमन्त्री कर्णाली रोजगार अनुरोध भएबमोजिम कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को दफा ३ (४) बमोजिम **अनुसूची- १** मा उल्लेखित आयोजनाहरू छनोट गरी सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ **'चौरजहारी नगरपालिकाको खेलकुद विकास समिति गठन गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रमा खेलकुदको माध्यमबाट शारीरिक, मानसिक र संवेगात्मक पक्षको विकासका साथै सबै खेलकुद प्रतियोगिता आयोजना तथा व्यवस्थापन र चौरजहारी नगरपालिकाको तर्फबाट खेलाडी सहभागी गराइ नगरको पहिचानलाई उच्च बनाउन क्रियाशील हुनेगरी चौरजहारी नगरपालिका युवा तथा खेलकुद विकास कार्यविधि, २०७७ बमोजिम काम, कर्तव्य र अधिकार एवम् सेवासर्त हुनेगरी उक्त कार्यविधिको दफा ३ बमोजिम तपसिलबमोजिमको चौरजहारी नगरपालिका खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.स. | नामथर | पद | क्षेत्र | क्र.स. | नामथर | पद | क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | श्री रेशम क्षेत्री | अध्यक्ष | मनोनित | २ | श्री रुपेश गिरी | **सदस्य** | **वडा नं. १** |
| ३ | श्री विवश शर्मा | सदस्य | वडा नं. २ | ४ | श्री गोविन्द महर | **सदस्य** | **वडा नं. ३** |
| ५ | श्री अर्जुन सुनार | सदस्य | वडा नं. ४ | ५ | श्री खडक वि.क. | **सदस्य** | **वडा नं. ५** |



शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | श्री कमल सुनार | सदस्य | वडा नं. ६ | ७ | श्री धिरज मल्ल | **सदस्य** | **वडा नं. ८** |
| ८ | श्री जेनिस मल्ल | सदस्य | वडा नं. ९ | ९ | श्री गोपाल बटाला | **सदस्य** | **वडा नं. १०** |
| १० | श्री अमर बि.क. | सदस्य | वडा नं. ११ | ११ | श्री प्रकाश आचार्य | **सदस्य** | **वडा नं. १२** |
| १२ | श्री सचिन बि.क. | सदस्य | वडा नं. १३ | १३ | श्री गोरख बि.क. | **सदस्य** | **वडा नं. १४** |
| १४ | श्री तिलक बोहरा | सदस्य | खेलाडी | १५ | श्री कामना बुढाथोकी | **सदस्य** | **खेलाडी** |
| १५ | श्री गीता ओली | सदस्य | खेलाडी | १६ | गणेश सुनार | **सदस्य** | **खेलाडी** |
| १७ | श्री प्रदीप राना | सदस्य | खेलाडी | १८ | श्री टीकाजंग ओली - सदस्य सचिव - शिक्षा युवा तथा खेलकुद शाखा | | |

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'सहिद स्मृति नगर अस्पताल सञ्चालन समिति गठन गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका-१० मा सञ्चालित सहिद स्मृति नगर अस्पताल सञ्चालनको लागि गठित समितिको अवधि समाप्त भएकोले चौरजहारी नगरपालिकाको १५ शैयासम्मको अस्पताल स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ को दफा १० बमोजिम देहायको समिति गठन गर्ने निर्णय गरियो।

**<u>तपसिल</u>**

श्री भीमा थापा – अध्यक्ष (नगर प्रमुखले तोकेको व्यक्ति)
श्री उमादेवी सुनार – सदस्य (कार्यपालिका सदस्यहरू मध्येबाट)
श्री तुल्से ओली – सदस्य (कार्यपालिका सदस्यहरू मध्येबाट)
श्री वीरेन्द्र रोकाय – सदस्य (अस्पताल रहेको वडाका वडा अध्यक्ष)
श्री रामबहादुर सुनार – सदस्य (स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख)
श्री चूडामणि के.सी. – सदस्य सचिव (अस्पताल प्रशासक)

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'सुरक्षित गर्भपतन सेवा प्रदान गर्न स्वास्थ्य संस्था सूचीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका अन्तर्गत सहिद स्मृति नगर अस्पताल चौरजहारी नगरपालिका-१०, रूकुम (पश्चिम) मा सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनको लागि सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार नियमावली, २०७७ को नियम १४ को उपनियम १ बमोजिम नर्सिङ कर्मचारीहरू दुई सुरक्षित गर्भपतन सम्बन्धी तालिम लिई सो सेवा प्रदान गर्न तयार भएको तथा मापदण्ड अनुसारको सामग्रीहरू उपलब्ध भएको हुँदा श्री सहिद स्मृति नगर अस्पताल चौरजहारी नगरपालिका-१०, रूकुम (पश्चिम) लाई सुरक्षित गर्भपतन सेवा प्रदान गर्न सूचिकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'मुख्यमन्त्री डिजिटल शिक्षाका लागि नमुना विद्यालय सहयोग कार्यक्रम कार्यान्वयन'** गर्ने सम्बन्धी प्रस्तावमा छलफल गर्दा कर्णाली प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/०८२ मा 'मुख्यमन्त्री डिजिटल शिक्षाका लागि नमुना विद्यालय सहयोग कार्यक्रम' शीर्षकको बजेट कार्यान्वयनका लागि यस चौरजहारी नगरपालिकाको श्री शीतल माध्यमिक विद्यालय चौरजहारी भइ कर्णाली प्रदेश सामाजिक



शरद... ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

...वादी
नगर प्रमुख

विकास मन्त्रालयको चलानी नं. १४०९ मिति २०८१ चैत्र ५ गतेको पत्रानुसार क्रियाकलाप माग भएकोमा LMBIS मा मेशिनरी तथा औजार ३५ लाख, कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च १० लाख र निर्मित भवनको संरचनात्मक सुधार खर्च शीर्षकमा २५ लाख रकम प्रविष्ट भइ आएको तर उक्त शीर्षकहरू स्पष्ट नभइ क्रियाकलापहरू निर्धारण गर्न आवश्यक भएकोले विद्यालयले स्पष्ट रूपमा गरेको क्रियाकलापगत सिफारिसका आधारमा **अनुसूची-२** बमोजिमका क्रियाकलाप र बजेटअनुसार श्री शीतल माध्यमिक विद्यालय रुकुम (पश्चिम) सँग मुख्यमन्त्री डिजिटल शिक्षा नमुना विद्यालय कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को दफा १० (ख) (ग) र (घ) का साथै दफा १५ बमोजिम सम्झौता गरी विद्यालयले नै प्रचलित कानुनबमोजिम खरिद प्रक्रिया पूरा गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ **'वर्षाका कारण अवरुद्ध सडक मर्मत गरी सञ्चालन गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा २०८२ वैशाख १८ गते परेको वर्षाका कारण यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका मुख्य र शाखा सडकहरूमा क्षति पुगेर अवरुद्ध हुने स्थिति सृजना भएकोले आवागनलाई सहज बनाउन सडक मर्मत गरी यथाशीघ्र सञ्चालनमा ल्याउने निर्णय गरियो।

**निर्णय नं. ९** : प्रस्ताव नं. ९ **'नयाँ बाख्रा पकेट विकास कार्यक्रम छनोट निर्णय अनुमोदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सर्सत स्वीकृत बजेट तथा कार्यक्रम 'नयाँ बाख्रा पकेट विकास कार्यक्रम' कार्यान्वनयका लागि आर्थिक विकास समितिको मिति २०८२/०१/२३ गते बसेको बैठकको निर्णयहरू अनुमोदन गरी छनोट भएका प्रस्तावकर्ताहरूसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०** : प्रस्ताव नं. १० **'चौरजहारी नगरपालिकाको घर तथा भवन नक्सा पास र अभिलेखीकरण कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका क्षेत्रभित्र निर्माण भएका भवन, तला थप तथा अन्य भवनहरुको नियमित सम्पन्नताको प्रमाणपत्र तथा अभिलेखीकरण प्रमाणपत्र जारी गर्ने कार्यलाई सरल, व्यवस्थित र थप प्रभावकारी बनाउन **'चौरजहारी नगरपालिकाको घर तथा भवन नक्सापास तथा अभिलेखिकरण सम्वन्धी कार्यविधि, २०८२** स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने र सोही कार्यविधिबमोजिम २०८२ जेठ १ गतेदेखि जेठ मसान्तसम्म भवन नक्सा अभिलेखीकरणका लागि आवेदन पेस गर्न सूचना प्रकाशन गरी आवश्यक कार्यक्रम विधिका आधारमा आवश्यक प्रमाणपत्र जारी गर्ने निर्णय गरियो।

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ **'अध्ययन बिदा स्वीकृतिका गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) मा अधिकृत छैठौं पदमा कार्यरत गणेश बुढामगर (कर्मचारी सङ्केत नं. १९७०५२) ले तलबी अध्ययन बिदा स्वीकृतिका लागि माग गरेबमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभागको मिति २०८१/०८/१९ गतेको निर्णय र पत्र सङ्ख्या २०८१/०८२ चलानी नं. ११३ मिति २०८१/०८/२१ गतेको पत्रानुसार पशु सेवा विभाग र हिमालय कलेज अफ एग्रीकल्चरल साइन्सेस् एण्ड टेक्नोलोजी बिच भएको MOU अनुसार B.V.Sc & A.H. अध्ययनको



शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

लागि मनोनयन भएकोले स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेशमा पठाइएकोमा उक्त कार्यालयको चलानी नं. २६५९ मिति २०८१/१२/२२ गतेको पत्रानुसार कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम ८७ र ९२ (२) बमोजिम दुईसम्म थप हुनसक्ने गरी हाललाई तीन वर्षको तलबी अध्ययन बिदा स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :** प्रस्ताव नं. १२ **'लघु, घरेलु तथा साना उद्योग प्रवर्धनका लागि प्रविधि हस्तान्तरण विधेयक, २०८२ को मस्यौदा तयार गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका क्षेत्रभित्रका उद्योग सञ्चालन तथा प्रवर्धनका लागि चौरजहारी नगरपालिका-११ मा रहेका उद्योगसँग सम्बन्धित यन्त्र, उपकरण र कच्चा पदार्थ हस्तान्तरण गरी स्वरोजगार सृजना, रोजगार प्रवर्धन गर्न स्थानीयस्तरमा रोजगारी सृजनामा सहयोग गर्न लघु, घरेलु तथा साना उद्योग प्रवर्धनका लागि प्रविधि हस्तान्तरण विधेयक, २०८२ को मस्यौदा तयार गरी आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :** प्रस्ताव नं. १३ **'सडकको लगत कट्टा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको मिति २०८० असोज ३० गते बसेको २३ औं कार्यपालिका बैठकबाट नगरपालिका क्षेत्रभित्रका सडकहरूको मापदण्ड निर्धारण भइसकेको तर निजी जग्गामा बनेका सडकहरूको लगत कट्टा नहुँदा जग्गा धनीहरूले महङ्गो राजश्व तिर्नुपरेको भनि गुनासो समेत आएकोले मापदण्डमा तोकेको नापी नक्सामा सडक क्षेत्र निर्धारण गर्न नापी कार्यालय र जिल्ला मालपोत कार्यालयसहित सम्बन्धित निकायमा अनुरोध गरी सडक मापदण्ड अनुसारको लगत कट्टा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:** प्रस्ताव नं. १४ **'वाङमय कला परिषद ऐन, २०८२ निर्माणका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको भाषा, साहित्य, संस्कृति र ललितकला, नाट्य, सङ्गीत, ज्ञान विज्ञान क्षेत्रको संरक्षण सम्वर्धन र विकासका लागि आवश्यक व्यवस्था गर्न आगामी नगर सभामा पेस गर्ने गरी 'चौरजहारी नगरपालिकाको वाङमय कला परिषद् ऐन, २०८२' निर्माण गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :** प्रस्ताव नं. १५ **'बसपार्क सञ्चालनका लागि बोलपत्र आह्वान गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका रुकुम (पश्चिम) को स्वामित्वमा रहेको वडा नं. १ र २ मा पर्ने बसपार्कलाई व्यवस्थित ढङ्गबाट सञ्चालन तथा व्यवस्थापन गर्न चौरजहारी नगरपालिकाको बसपार्क सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को दफा ६ (२) बमोजिम गठित समितिले पेस गरेको प्रतिवेदनका आधारमा १६ लाख ११ हजार ६ सयलाई न्यूनतम आय मानेर बढाबढमा हुने गरी बोलपत्र आह्वान गरी सञ्चालन गर्ने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## अनुसूची -१

### (निर्णय नं. ३ सँग सम्बन्धित)

### मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०८२/०८३ का लागि छनोट र प्राथमिकताक्रम तोकिएका योजनाहरू

| क्र.स. | योजनाको नाम | अनुमानित लागत रकम | प्राथमिकताक्रम |
|---|---|---|---|
| **वडा नं. १** | | | |
| १ | नाखिरा ठोसाढिक, घारिगाउँ मूल नहरदेखि वर्माथान, रोटे विशौना सिचाइ कुलो निर्माण | १५००००० | १ |
| **वडा नं. २** | | | |
| १ | बरलदेखि पिपल टाटा सिचाइ कुलो निर्माण | १५००००० | १ |
| **वडा नं. ३** | | | |
| १ | रामजानकी मन्दिर पर्यटन पूर्वाधार परियोजना | १५००००० | १ |
| **वडा नं. ४** | | | |
| १ | फलाट - टाटा - मेलैनाउली सडक मर्मत सम्भार | १५००००० | १ |
| **वडा नं. ५** | | | |
| १ | खहरेखोला खहरे भुजुङ्गे सिचाइ कुलो निर्माण आयोजना | १५००००० | १ |
| **वडा नं. ६** | | | |
| १ | चिसापानीदेखि पाखाखेत सिचाइ कुलो निर्माण आयोजना | १५००००० | १ |
| **वडा नं. ७** | | | |
| १ | उनापानी सुपागार विच खेत रुनढुङ्गा सिचाइ कुलो निर्माण योजना | १५००००० | १ |
| **वडा नं. ८** | | | |
| १ | वडा नं. ८ सिचाइ पोखरी निर्माण | १५००००० | १ |
| **वडा नं. ९** | | | |
| १ | नाउलाखोला छापाले महादेवथान पदमार्ग निर्माण योजना | १५००००० | १ |
| **वडा नं. १०** | | | |
| १ | आधारभूत विद्यालय विसाउनेचौर घेरावार तथा फिल्ड निर्माण योजना | १५००००० | १ |
| **वडा नं. ११** | | | |
| ११ | चन्द्रबजारमा शहीद गेट र प्रतिक्षालय निर्माण योजना | १५००००० | १ |
| **वडा नं. १२** | | | |
| १ | १२ नं. वडा कार्यालयको पर्खाल तथा घेराबार निर्माण | १५००००० | १ |
| **वडा नं. १३** | | | |
| १ | श्री जनकल्याण आधारभूत विद्यालय, रातामाटा घेरबार | १५००००० | १ |
| **वडा नं. १४** | | | |
| १ | पागरगैरा चौफारी ओखरारुख गोरेटो बाटो निर्माण आयोजना चौ.न.पा. १४ | १५००००० | १ |

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

बौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची-२
(निर्णय नं. ७ सँग सम्बन्धित)

**मुख्यमन्त्री डिजिटल शिक्षाका लागि नमुना विद्यालय सहयोग कार्यक्रम कार्यान्वयनको लागि ब्रेकडाउन**

| क्र.स. | खर्च शीर्षक | क्र.स. | क्रियाकलाप | बजेट रु. हजारमा | खर्च शीर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेशिनरी तथा औजार | १ | कक्षाकोठामा स्मार्ट बोर्ड खरिद तथा व्यवस्थापन | २००० | ३११२२ | |
| | | २ | डिजिटल बोर्ड | ५०० | ३११३४ | |
| | | ३ | कम्प्युटर तथा कम्प्युटरजन्य सामग्री खरिद | १००० | ३११२२ | |
| २ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | ४ | विद्यार्थी उपस्थिति सूचना सफ्टवेयर र प्रविधिजन्य सामग्री खरिद | १००० | ३११३४ | |
| ३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५ | निर्मित भवनको संरचनात्मक सुधार तथा बालमैत्री शौचालय निर्माण | २५०० | ३११५९ | |
| **जम्मा** | | | | ७००० | | |

शरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख